# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १६ अप्रेल २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल विधानसभा चुनावअघि निर्वाचन आयोगले सार्वजनिक गरेको नयाँ तथ्याङ्कमा पाँच लाख नयाँ मतदाताहरु मतदाता नामावलीमा सामेल भएका छन्।
- राज्यमा विधानसभा चुनाउको पहिलो चरणको मतदान हुनअघि चुनाउ आयोगले राज्य पुलिसलाई कड़ा निर्देश जारी गरेको छ।
- राज्य विधानसभाको पहिलो चरण चुनावको अन्तिम चरणमा विभिन्न राजनीतिक दलहरूको वरिष्ठ नेताहरूले जनसभा, रयाली अनि रोड शोहरूको माध्यमबाट चुनाव प्रचार तीव्र गरेको छ।
- आज देशभरी अक्षय तृतीयाको पर्व मनाइन्दै छ|
- राज्यको टिस्टा नदीमा निर्माण हुने दोस्रो सेभोक पुलको टेण्डर प्रशासनिक कारणले रद्द गरिएको छ।

**पश्चिम बंगाल - नया मतदाता**

पश्चिम बंगाल विधानसभा चुनावअघि निर्वाचन आयोगले मतदाता दर्ताको नयाँ तथ्याङ्क सार्वजनिक गरेको छ। मस्यौदा सूची प्रकाशित भएदेखि नामाङ्कन सकिएसम्म लगभग पाँच लाख नयाँ मतदाता मतदाता नामावलीमा सामेल भएका छन्। अधिकारीहरू अनुसार फर्म-6 मार्फत लगभग सात लाख आवेदनहरू दायर गरिएको थियो र प्रमाणिकरण पछि, योग्य नामहरू नामावलीमा थपिएका छन्। गत 28 फरवरीमा सार्वजनिक भएको अन्तिम नामावलीमा एक लाख 88 हजार 2 सय 07 जना नयाँ मतदाता सामेल थियो। त्यसपछि अर्को महिना थप पाच लाख नाम थपियो।

**चुनाउ आयोग-राज्य पुलिस**

पश्चिम बंगाल विधानसभा चुनाउको पहिलो चरणको मतदान हुनअघि चुनाउ आयोगले राज्य पुलिसलाई कड़ा निर्देश जारी गरेको छ। राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भयो मतदानको दिन कुनै पनि प्रकारको अशान्तिलाई सहन गरिनेछैन।

16 वटा जिल्लाका पुलिस अधीक्षक तथा पुलिस आयुक्तहरूलाई शनिवार अबेर राती पठाएको निर्देशमा श्री अग्रवालले चुनाउ अवधि शान्ति कायम राख्नमा पुलिसको भूमिका सबैभन्दा महत्वपूर्ण हुने उल्लेख गर्नु भएको छ। यदि कतै पनि कुनै प्रकारको अप्रिय घटना घटे तुरून्त कारबाही गर्नुपर्छ। मुख्य निर्वाचन अधिकारीले, स्थिति नियन्त्रण गर्नमा लापरवाही गरेको पाइए सम्बन्धित थाना प्रभारीलाई निलम्बन गर्न सकिने चेतावनी दिनु भएको छ। उहाँले थप भन्नु भयो मतदानको दिन कुनै पनि क्षेत्रबाट हतियार, बम अथवा गोलाबारूद पाइए सम्बन्धित थानाका प्रभारी अधिकारीलाई तत्काल कदम उठाउनुपर्छ अन्यथा आयोगले कड़ा कारबाही गर्नेछ। पछिल्लो विधानसभा चुनाउ प्रक्रिया अवधि हिंसा तथा अशान्ति फैलाउनेहरूलाई अहिलेसम्म पक्राउ किन नगरिएको भन्ने प्रश्न श्री अग्रवालले उठाउनु भयो| उहाँले जिल्ला पुलिस अधिकारीहरूलाई हिंसको मामिला दर्ता भएका अपराधीहरूलाई चिन्हित गरी उनीहरूमाथि नजर राख्ने निर्देश दिनु भयो| आयोगले स्पष्ट पाऱ्यो, यसपालि स्वतन्त्र, निष्पक्ष औ शान्तिपूर्ण मतदान सुनिश्चित गर्नको लागि विशेष सतर्कता अप्नाइँदैछ। राज्यमा पहिलो चरणको मतदान आगामी 23 अप्रेलमा भइरहेको छ जसको निम्ति अब पाँच दिन मात्र बाँकी रहेको छ। सुत्रहरु अनुसार पहिलो चरणको मतदानमाथि निगरानी राख्नको लागि 40 हजारभन्दा अधिक राज्य पुलिसकर्मीहरूलाई तैनाथ गरिएको छ।

**पश्चिम बंगाल-चुनाव प्रचार**

पश्चिम बंगाल विधानसभा पहिलो चरण चुनावको अन्तिम चरणमा विभिन्न राजनीतिक दलहरूको वरिष्ठ नेताहरूले जनसभा, रयाली अनि रोड शोहरूको माध्यमबाट चुनाव प्रचार तीव्र गरेको छ। भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि प्रधानमन्त्री नरेन्द्र मोदीले राज्यमा आज झारग्राम, पुरूलिया अनि विष्णुपुर जिल्लामा कैयौं रयालीहरू गर्नुभयो। श्री मोदीले भन्नुभयो, पश्चिम बंगालमा भाजपाको डबल इन्जिन सरकार राज्यको महिलाहरूलाई दोहोरो लाभ दिनेछ। उहाले बताउनु भयो, महिलाहरूको सुरक्षा, गरिमा अनि समृद्धि पार्टीको शीर्ष प्राथमिकता हो। श्री मोदीले आरोप लगाउनु भयो, कंग्रेससित गठबन्धन गरेर तृणमूल कंग्रेसले विधानमण्डलहरूमा महिलाहरूलाई प्रतिनिधत्व गर्न देखि रोकिरहेको छ।

*बाइट*

*प्रधानमन्त्रीले आरोप लगाउदै भन्नुभयो, ममता ब्यानर्जी सरकार घुसपैठीहरूको पक्षमा राजनीति गरिरहेको छ जसले स्थानीय आबादीमाथि असर पर्दछ। श्री मोदीले भन्नुभयो, तृणमूल कंग्रेसको नेता राज्यको धेरै क्षेत्रहरूमा आदिवासीहरूको भूमि अवैध प्रकारले कब्जा गरिरहेको छ। भारतीय जनता पार्टीको नेता अनि केन्द्रीय मन्त्री जे.पी नड्डाले जलपाइगढ़ी जिल्लाको शीतलकुचीमा एउटा चुनावी रपश्चिम बंगाल चुनाव प्रचार र्यालीलाई सम्बोधन गर्नुभयो। श्री नड्डाले सत्तारूढ़ कंग्रेस सरकारको आलोचना गर्दैं तृणमूल कंग्रेसको अर्थ तोलाबाजी, तानाशाही, अत्याचार अनि तुष्टीकरण भएको बताउनु भयो। उहाले आरोप लगाउनु भयो ममता सरकारको उत्तर बंगाल प्रति शत्रुतापूर्ण दृष्टि रहेको छ अनि एवं मानिसहरूको शोषण गरिन्दैछ फलस्वरूप चिया बगान संकटको स्थितिमा रहेको छ। भाजपा नेता अनि त्रिपुराको मुख्यमन्त्री माणिक साहले पनि मुर्शिदाबाद जिल्लाको जियागन्ज अनि काण्डीमा रोड शो गर्नुभयो। अर्कोतर्फ तृणमूल कंग्रेस अध्यक्ष अनि राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले हुगली जिल्लाको ताड़केश्वर अनि पूर्व बर्द्धमान जिल्लाको काल्नामा जनसभा गर्नुभयो। उहाले पछिबाट वर्धमानमा रोड शो पनि गर्नुभयो। सुश्री ममता ब्यानर्जीले दावा गर्नुभयो कि यदि भाजपा सत्तामा आयो भने तृणमूल कंग्रेस सरकारद्वारा शुरू गरिएको सबै कल्याणकारी योजनाहरूलाई फिर्ता गर्नेछ। उहाले भाजपाको नेतृत्वमा रहेको केन्द्र सरकारमाथि लोकसभामा पेश परिसीमन विधेयकलाई महिला आरक्षणसित जोड़ेको आरोप पनि लगाउनु भयो। तृणमूल कंग्रेस प्रमुखले आरोप लगाउनु भयो यदि महिला आरक्षण विधेयक सितम्बर 2023 मा पारित भएको थियो तब किन केन्द्र सरकारले यसलाई लागू गरेन। कंग्रेस, वाम दल अनि अन्य राजनीतिक दल पनि पश्चिम बंगालमा पूर्ण सक्रियतासित चुनाव प्रचार गरिरहेको*

*छ। राज्यमा दुइ चरणमा यस महिनाको 23 अनि 29 तारिख मतदान हुनेछ भने मतगणना 4 मईको दिन गरिनेछ।*

**चुनाव प्रचार प्रसार**

दार्जिलिङ पाहाडका विभिन्न राजनैतिक दलहरुले २३ अप्रिलमा हुन गइरहेको विधान सभा चुनावको लागि पाहाडका तीन निर्वाचन क्षेत्रहरू दार्जिलिङ, खरसाङ र कालेबुङमा आ-आफ्ना उम्मेद्वारहरुको लागि चुनावी प्रचार-प्रसार तीव्र बनाएका छन्| यसै क्रममा, कालेबुङमा भागोप्रोमो उम्मेद्वार रुदेन सादा लेप्चाको समर्थनमा एक सामुदायिक भवनमा कालेबुङका नगरपालिका क्षेत्रलाई लिएर गरिएको सभामा कालेबुङको २३ वटा वार्डबाट श्री लेप्चालाई समर्थन गर्न मानिसहरु व्यापक रूपमा उपस्थिति रहेको थियो| कार्यक्रममा मुख्य अतिथि भा गो प्रो मो अध्यक्ष अनित थापा रहनु भएको थियो| श्री थापाले कालेबुङ नगरपालिकाका बासिन्दाहरूसँग चुनावी संवाद गर्नु हुँदै रुदेन लेप्चा र नगरपालिका अध्यक्ष रवि प्रधानलाई "कालेबुङका दुई हनुमान" भनी सम्बोधन गर्नु भयो। उहाँले भन्नु भयो, यी दुई हुँदाहुँदै म यहाँ आइरहनु पर्दैन। अर्को तर्फ भागोप्रमो खरसाङ विधान सभा क्षेत्रका उम्मेदवार अमर लामाले आफ्नो चुनावी अभियान लिएर तक्दाह टिष्टा भेल्ली समष्टिमा पुग्नु भएको थियो। यस अवधि क्षेत्रिय सभासद डेन्डुप पाख्रिनले सम्पूर्ण जनतालाई अमर लामाको पक्षमा चुनाव गर्ने अनि उहाँको जित निश्चित रहेको बताउनु भयो। श्री लामाको पक्षमा भागोप्रोमो टुंग सन्तमेरिज समष्टिको आयोजनामा सिपाहीधुरादेखि दिलारामसम्म पैदल यात्रा गर्दै चुनाव प्रचार गरिएको थियो। यसरी नै, भारतीय जनता पार्टीका दार्जिलिङका उम्मेद्वार नोमन राईको समर्थनमा दार्जिलिङ शहरमा एक जनसभा अयोजन गरिएको थियो| यसै क्रममा, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा अध्यक्ष मन घिसिङको नेतृत्वमा आज चिम्नी देवराली समष्टि अनि टुङ सन्तमेरिज समष्टिमा गोरामुमो द्वारा भाजपा गठबन्धन दलका उम्मेदवार सोनाम लामाको निम्ति चुनाव प्रचार गरिएको थियो| श्री घिसिङले भाजपा गठबन्धन दलका दार्जीलिङ , खर्साङ अनि कालेबुङका उम्मेदवारहरुलाई भारी मतले जिताउन सबैलाई तालमेल मिलाएर प्रचार प्रसार गर्न निर्देशन दिनु भयो।

**भगप्रमो शक्ति प्रदर्शन**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाको पक्षमा खरसाङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाले आगामी २१ अप्रेलको बिहान चुनाव प्रचार गर्दै शक्ति प्रदर्शन गर्ने भएको छ। २१ अप्रेलमा खरसाङमा बिहान ९ बजीदेखि रैली र चुनावी पथसभाको आयोजना गरिने भएको छ। यस चुनावी रैली खरसाङको मोटर स्ट्याण्डबाट शुरु भएर खरसाङ बजार परिक्रमा गर्दै पुनः मोटर स्ट्याण्डमा आएर चुनावी पथसभामा परिणत हुने भएको छ। यस चुनावी पथ सभालाई भागोप्रमो केन्द्रीय संस्थापक अध्यक्ष एवं जीटीए प्रमुख अनित थापा र महासचिव एवं खरसाङ विधानसभा समष्टिको उम्मेद्वार अमर लामाले सम्बोधन गर्ने भएका छन्|

**तृणमूल बाइक र्‍याली-चुनाव आयोग**

पश्चिम मेदिनीपुर जिल्लाको केशियारी ब्लकको खजरा नम्बर २ क्षेत्रमा आज तृणमूल कांग्रेसले आयोजना गरेको बाइक र्‍यालीलाई लिएर तनावपूर्ण स्थिति सिर्जना भयो। अनुमति बिना र निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्दै र्‍याली आयोजना गरिएको आरोप लगाइएको छ। यो जानकारी पाएपछि निर्वाचन आयोगका अधिकारीहरू घटनास्थलमा पुगे र र्‍याली रोक्ने प्रयास गरे। यस हस्तक्षेपको क्रममा तृणमूल कार्यकर्ता र अधिकारीहरू बीच चर्को बहस भयो, जसले गर्दा केही समयको लागि क्षेत्रमा तनाव बढ्यो। स्थिति नियन्त्रणमा ल्याउन तुरुन्तै पुलिस बल खटाइएको थियो। त्यसपछि, प्रशासनको हस्तक्षेप मार्फत मुद्दा समाधान गरियो, र कुनै पनि ठूलो अप्रिय घटनाको रिपोर्ट प्राप्त भएको छैन।

**प्रधानमंत्री शुभकामना**

आज देशभरी अक्षय तृतीयाको पर्व मनाइन्दै छ| प्रधानमन्त्री नरेन्द्र मोदीले अक्षय तृतीयाका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। सोशल मीडियामा पोस्ट गर्दै प्रधानमन्त्रीले यस पर्वले पुण्य कर्म, परोपकार र सेवाको मार्गमा हिँड्न प्रेरणा दिएको बताउनु भएको छ । प्रधानमन्त्री मोदीले यस पर्वले सबैको जीवनमा सुख, समृद्धि र सुस्वास्थ्य ल्याओस् भन्ने कामना समेत गर्नुभयो। यस्तै प्रधानमन्त्रीले परशुराम जयन्तीका अवसरमा पनि शुभकामना व्यक्त गर्नुभयो । श्री मोदीले भन्नुभयो, भगवान परशुरामले नागरिकहरूलाई अन्यायको विरुद्ध दृढतापूर्वक खडा हुन र सत्यको मार्गमा दृढ रहन प्रेरणा दिनुहुन्छ। प्रधानमन्त्रीले अतुलनीय वीरता र ज्ञानका प्रतिक भगवान् परशुरामको कृपाले सबैको मनमा नयाँ ऊर्जा र आत्मविश्वासको संचार गरोस् भन्ने कामना गर्नुभएको छ । उहाले परशुरामको आशीर्वादले हरेक जीवनमा सुख, शान्ति र समृद्धिको प्रकाश गरोस् भन्ने पनि बताउनु भयो।

**सिक्किम-सेवोक पुल**

राज्यको टिस्टा नदीमा निर्माण हुने दोस्रो सेभोक पुलको टेण्डर प्रशासनिक कारणले रद्द गरिएको छ। यो प्रस्तावित पूल कोरोनेशन ब्रिजको विकल्प थियो। यो पुलले दार्जिलिङ जिल्लाको एलेनबारीलाई सेभोकसँग जोड्छ। 2 जनवरी 2026 मा अनुमानित आठ सौ 40 करोड़ 29 लाख रुपैयाँको अनुमानित लागतमा टेण्डर आह्वान गरिएको थियो। यस परियोजनामा राष्ट्रिय राजमार्ग प्राधिकरणद्वारा राष्ट्रिय राजमार्ग 10 मा एउटा अतिरिक्त प्रमुख पुल अनि सहायक मार्गहरूको निर्माण सामेल रहेको छ। नयाँ पुलको उद्देश्य 100 वर्ष पुरानो कोरोनेशन ब्रिजमा यातायत चाप कम गर्नु र सिक्किम तथा पूर्वोत्तर भारतसँग सम्पर्क बलियो बनाउनु

हो। यो काम अप्रिल 2026 मा सुरु हुने तालिका थियो।

**प्रवर्तन निदेशालय- छापा**

पश्चिम बंगाल विधानसभा चुनाव अघि कोलकातामा केंद्रीय जांच एजेंसीहरुको सक्रियता तीव्र बनेको छ। आज बिहान प्रवर्तन निदेशालय (ईडी) ले कोलकाता पुलिसका उप पुलिस आयुक्त शांतनु सिंह विश्वासको बालिगंज स्थित फर्न रोड आवासमा छापा मरेको छ। अधिकारीहरुको टोलीले बिहान उहाँको आवासमा पुगेर  खोजि अभियान शुरू गर्यो| सूत्रहरु अनुसार, यो कारबाही बालिगंजको चर्चित सोना पप्पु प्रकरणसंग सम्बन्धित छ। शांतनु सिंह विश्वास पहिला कालीघाट थानका प्रभारी रहिसकेका थिए। यस मामिलामा एक भारतीय पुलिस सेवा अधिकारी (आईपीएस) लाई पनि सोधपूछको लागि बोलाइएको थियो। उप पुलिस आयुक्तको आवासमा खोजी अभियानले हलचल बढेको छ। यस बाहेक प्रवर्तन निदेशालयले आज कोलकाताको बेहाला स्थित व्यवसायी जय कामदारको आवासमा पनि छापा मेरेर उहाँलाई हिरासतमा लिएको छ।

**पार्टी-घोषणापत्र**

दार्जिलिङ विधानसभा क्षेत्रका भागोप्रमो उम्मेदवार विजय कुमार राईले पश्चिम बंगाल विधानसभा चुनाव २०२६ लाई लक्षित गर्दै पार्टीको घोषणापत्र सार्वजनिक गरेका छन्। पत्रकार सम्मेलनमा बोल्दै भागोप्रमोको घोषणापत्रलाई दार्जिलिङ पहाड क्षेत्रको आवश्यकता, विकास र पहिचानसँग जोडिएको बताएका छन्।

**********